सुनाखिरी समाचार
स्वतन्त्र-निर्भीक-निष्पक्ष

# सिलगढ़ीमा चारतारे होटल परियोजनाको शिलान्यास

सिलगढ़ी, १६ जनवरी। प्रसिद्ध इस्पात निर्माता एसपीएस ग्रुप अनि रियल इस्टेट जायण्ट मणि ग्रुपको संयुक्त सहयोगितामा स्थानीय मल्लगढ़ीस्थित हिलमार्ट रोड़मा एउटा चारतारे होटल निर्माण हुन गइरहेछ।

आइतवार बेलुकी नगर विकास मन्त्री अशोक भट्टचार्यले यस होटल परियोजनाको शिलान्यास गरे। कार्यक्रममा एसपीएस ग्रुपका कर्णधार विपिन बोहंराले भने, प्रायः ६० करोड़ रुपियाँको लागतमा आउँदो अढ़ाइ वर्षभित्रमा यो होटलको निर्माण कार्य समाप्त हुनेछ। जम्मा एक सय कोठाको यस होटलमा ब्यांक्वेट, कन्फरेन्स, विजनेस सेण्टर, स्वीमिङ पुल लगायत सर्वाधुनिक सुविधाहरू उपलब्ध हुनेछन्। तिनले आज जनाएअनुसार होटल सञ्चालनको निम्ति अन्तरराष्ट्रीय ख्यातिप्राप्त मेरियट ग्रुप अनि आइटीएस फरचुन ग्रुपले धेरै चासो देखाएका छन्। -देवाशिष